वर्ष : २०, अंक : २६, काठमाडौं, २०८१ मंसिर २१ गते शुक्रबार, 6 December, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## संयुक्त राष्ट्र संघको माइनोरिटी फोरममा उठ्यो मधेशको मुद्दा



काठमाडौं । मधेशी एकता समाजका अन्तर्राष्ट्रिय समिति संयोजक डा.रविन्द्र कुमार यादवले नेपालका मधेशी जनताको माग र समस्या संयुक्त राष्ट्र संघको माइनोरिटी फोरममा राखेका छन् । स्वीट्जरल्याण्डको जेनेभामा स्थित संयुक्त राष्ट्र संघको माइनोरिटी फोरमको सत्रौं बैठकमा शुक्रबार आफ्नो धारणा राख्दै डा. यादवले संविधानसभाबाट नयाँ संविधान जारी भएर कार्यान्वयन भइसकेको अवस्थामा पनि नेपालका मधेशीलगायतका अल्पसंख्यक समुदायहरुले समुचित न्याय र अधिकार नपाएको धारणा राखेका हुन् । विदेशमा बस्ने मधेशीहरुको छाता संगठन मधेशी एकता समाजका संस्थापक समेत रहेका डा. यादवले नेपाल बहुजातीय र बहुसांस्कृतिक मुलुक भएपनि एक तिहाइ जनसंख्या रहेको मधेशी समुदायमाथि राज्यबाट अन्याय र भेदभाव जारी नै रहेको बताए । उनले मधेशीहरुलाई आवाजविहीन बनाएर राजनीति, व्यापार, सुरक्षा निकाय र मिडियासहितका क्षेत्रमा खसआर्य समुदायको नियन्त्रण कायम रहेको बताए ।

आधुनिक नेपाल राज्य स्थापना भएदेखि नै मधेशीहरुले कठोर नागरिकता कानुन, अन्यायपूर्ण राजनीतिक प्रतिनिधित्व र आफ्नो सम्पति जफत हुने भूमिसुधार व्यवस्थाको सामना गर्नुपरेको धारणा राख्दै डा. यादवले निजामति सेवाको परीक्षामा मात्र खसआर्यहरुको भाषाको प्रयोगले मधेशीहरु सरकारी सेवाबाट वञ्चित हुनुपरेको जिकीर गरे । शिक्षा र प्रशासनमा मधेशी भाषाहरुको बहिष्करणले मधेशका बालबालिकाहरुको विद्यालय छाड्ने दर उच्च रहेको र यसले मधेशीहरुको निरक्षरता दर बढाएको डा. यादवको तर्क थियो ।

उनले अगाडि भने, 'राज्यको विभेदपूर्ण नीतिका कारण निजामित सेवा, सेनालगायतका सुरक्षा निकाय र न्यायपालिकामा मधेशीहरुको प्रतिनिधित्व अत्यन्तै न्युन छ ।' नेपालको कृषि उत्पादनमा ७० प्रतिशत योगदान र विदेशबाट अत्यधिक रेमिट्यान्स भित्र्याउँदा पनि मधेशीहरुले राज्यको बजेट र राजश्वमा न्यायोचित हिस्सेदारी नपाएको उनले गुनासो गरे । नेपालको कुनै पनि संग्रहालय वा राष्ट्रिय संस्थाले मधेशको इतिहास, संस्कृति र योगदानलाई न्यायेचित स्थान र मान्यता नदिएको चर्चा गर्दै डा. यादवले मुलुकका सिनेमा र टीभी कार्यक्रमहरुमा मधेशीहरुलाई नकारात्मक रुपमा चित्रण गरिएको बताए ।

त्यस अवसरमा डा. यादवले राज्यका निकायहरुमा मधेशी समुदायका लागि समानुपातिक प्रतिनिधित्व, समान अवसर, सांस्कृतिक मान्यता र भेदभावपूर्ण कानुनको अन्त्यको माग गरे । त्यसैगरी उनले नेपालमा मधेशीहरुको न्यायोचित अधिकार, पहिचान, न्याय र मर्यादा स्थापनाका लागि सार्थक पहलका साथै दवाव सृजना गरिदिनका लागि अन्तर्राष्ट्रिय समुदायसँग आह्वान पनि गरे । यसअघि गत बिहिबार स्वीट्जरल्याण्डको जेनेभामै अल्पसंख्यक मुद्दासम्बन्धी अर्को साइडलाइन कार्यक्रममा बोल्दै डा. यादवले नेपालमा शताब्दीयौंदेखि सिमान्तकृत र अन्याय परेको मधेशी समुदायका माग, समस्या र मुद्दाहरुबारे आफ्नो धारणा राखेका थिए ।

## कोशी टप्पु र मध्यवर्ती क्षेत्रको संरक्षणमा मधेश सरकार गम्भीर : मुख्यमन्त्री सिंह

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिँहले कोशी टप्पु वन्यजन्तु आरक्ष तथा मध्यवर्ती क्षेत्रमा पर्यटकीय विकास तथा जैविक विविधता संरक्षणका लागि प्रदेश सरकार गम्भीर रहेको बताएका छन् ।

शनिबार सप्तरीको कञ्चनरू नगरपालिकाको पथरीस्थित कोशी टप्पु वन्यजन्तु आरक्ष कार्यालयको निरीक्षणपछि मुख्यमन्त्री सिँहले आरक्ष तथा मध्यवर्ती क्षेत्रमा वन्यजन्तु संरक्षणसँगै पर्यटकीय पूर्वाधार विकासका लागि प्रदेश सरकारले बजेट विनियोजन समेत गरेको जानकारी दिए ।

उनले आरक्षको पशिचमी भेग (मधेश प्रदेश) मा रहेका अर्ना, दुई गैंडा, दुई हात्ती, हाँसका विभिन्न जात, लालसर, बकुल्ला, गरुड, सारस लगायत पानी चराहरूको संरक्षणबाट आरक्ष तथा मध्यवर्ती क्षेत्रमा ठूलो सँख्यामा पर्यटक भित्र्याउन सकिने र त्यसबाट स्थानीय समुदायको जीविकोपार्जनमा मद्दत पुग्ने उल्लेख गरे ।

आरक्ष तथा मध्यवर्ती क्षेत्रको संरक्षण तथा विकासमा जुट्न आरक्ष कर्मचारीहरूलाई निर्देशन दिँदै मुख्यमन्त्री सिँहले चितवन राष्ट्रिय निकुञ्जमा आरक्षकै खर्चमा पालित तीन हात्तीलाई फर्काउन सरकारले पहल गरिरहेको बताए ।



उनले कोशीटप्पु वन्यजन्तु आरक्ष तथा मध्यवर्ती क्षेत्रमा वन्यजन्तु उद्धार केन्द्र निर्माण, पर्यापर्यटन विकास एवम् जीविकोपार्जन सुधार व्यवस्थापनका विषयमा समेत प्रदेश सरकारले विभिन्न निकायसँग सहकार्य गर्ने स्पस्ट पारे ।

आरक्षको वन्यजन्तु उद्धार केन्द्रमा चितवन राष्ट्रिय निकुञ्जबाट चार वर्षकी पुष्पा र तीन वर्षकी अञ्जली गरी दुईवटा एकसिंगे गैडा ल्याइएको छ । गत वर्ष असोजमा ल्याइएका दुवै गैँडाका लागि उद्धार केन्द्र वरपरको तीन हेक्टर क्षेत्रफलमा चरण क्षेत्र बनाइएको छ । त्रियुगा नदीको नजिकको यो ठाउँमा गैँडालाई पानी खुवाउने र आहाल खेल्न सक्ने व्यवस्था गरिएको छ ।

गैँडा चरणका लागि क्षेत्रफल थप गरी घाँसेमैदान विस्तार तथा विभिन्न प्रजातिअनुसार संरचना निर्माण आवश्यक छ ।

आरक्षमा खोरलगायत संरचात्मक कार्य भएपछि बाघ व्यवस्थापन हुन सक्ने र त्यसबाट गैँडासँगै बाघका लागि पनि टप्पु क्षेत्रमा जङ्गल सफारी आरम्भ भई त्यसक्षेत्रको पर्यापर्यटनले गति लिने मध्यवर्ती क्षेत्रका बासिन्दाको भनाइ छ ।

नेपाल सरकारले आरक्ष वरपरका समुदायलाई संरक्षणमा प्रत्यक्ष सहभागी गराई तिनीहरूको जीवनस्तर सुधार गर्ने उद्देश्यले गत २०६१ सालमा मध्यवर्ती क्षेत्र घोषणा गरिएको थियो । २०३२ सालमा स्थापना भएको नेपालको एकमात्र वन्यजन्तु आरक्ष रहेको कोशीटप्पु वन्यजन्तु आरक्षको १७५ किलोमिटर वर्गकिलोमिटरमा १७३ वर्ग किलोमिटर थप गरी मध्यवर्ती क्षेत्र घोषणा भएको थियो ।

मध्यवर्ती क्षेत्रमा सुनसरी र उदयपुरसँगै मधेश प्रदेशको सप्तरी जिल्ला पनि छ । टुहुरा, असहाय, असशक्त, घाइते र समस्याग्रस्त वन्उजन्तुको उद्धार, उपचार र व्यवस्थापन गर्ने र उद्धार गरिएका वन्यजन्तुको पालनपोषण गरी प्राकृतिक

*बाँकी अन्तिम पृष्ठमा*

## त्रिविले गरेको नियुक्तिहरू खारेज गर्न प्राध्यापक संघको माग

काठमाडौं । हालसालै त्रिभुवन विश्वविद्यालयले आदिवासी, जनजाति, मधेशी, मुस्लिम, महिलाको हक अधिकार कुंठित हुनेगरी विभिन्न ठाउँहरुमा गरेको सह-परिक्षा नियन्त्रकको नियुक्ति प्रति राष्ट्रिय लोकतान्त्रिक प्राध्यापक संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

संघका अध्यक्ष डा.उदयकिशोर तिवारीले विज्ञप्ति जारी गरी कथित रुपमा विश्वविद्यालयको समुचित विकाश तथा प्राज्ञिक उन्यनको लागि सम्पूर्ण नियुक्ति प्रकृयालाई पारदर्शि विश्वविद्यालय तथा विवाद रहित बनाउने उद्देश्यले ल्याएको विश्वविद्यालय पदाधिकारी नियुक्ति कार्यविधिको मर्म र भावनाको समेत वेवास्ता गरी वदनियत पूर्ण तरिकाले आफ्नो अनुकुल व्यक्तिहरुको छनौट समिति बनाईएको तथा पदाधिकारीहरु बिच आपसि दलिय रुपमा भागवण्डा गरी सबै नियुक्तिहरु गरिएको आरोप लगाएका छन् ।

'यस प्रकार अनैतिक रुपले प्राज्ञिक मूल्य एवं मान्यताको मानमर्दन हुनेगरी कार्यविधिको भ्रम छरेर भित्र भित्रै गरिएको गैरकानूनी तथा असमावेशी नियुक्तिहरुलाई खारेज गरी नेपालको संविधान २०७२ ले अंगिकार गरेको समावेसी समानुपातिकको नीति अनुरुप सबै वर्ग, लिङ्ग, जाति तथा समुदायहरुको सम्मानजनक सहभागिता हुने गरी ४८ घण्टाको भित्रमा सम्पूर्ण नियुक्ति प्रकृया अगाडि बढाउनु हुन संघले जोडदार माँग गर्दछ ।' उनले विज्ञप्तिमा भनेका छन् । साथै सो अवधिभित्र यी सम्पूर्ण त्रुटीहरुलाई सच्चाई नियुक्ति नगरिए संघ संघर्षमा उत्रिन बाध्य हुने चेतावनी दिएका छन् ।

## उपराष्ट्रपति यादवद्वारा गढीमाई मेलाको विधिवत शुभारम्भ

बारा । उपराष्ट्रपति रामसहाय प्रसाद यादवले बारास्थित प्रसिद्ध शक्तिपीठ श्री गढीमाई मन्दिर परिसरमा हरेक पाँच वर्षमा लाग्ने 'श्री गढीमाई पञ्चवर्षीय मेला' को सोमबार विधिवत् शुभारम्भ गरेका छन् ।

गढीमाई मन्दिर परिसरमा आयोजित विशेष समारोहमा पानसमा दियो बालेर मेलाको शुभारम्भ गरेका हुन् ।

उक्त अवसरमा उपराष्ट्रपति यादवले धर्मपत्नि चम्पा देवी यादव र परिवारका अन्य सदस्यहरुसहित गढीमाई मन्दिरको दर्शन तथा पूजा आराधना गरे । उनले मन्दिरभित्र गढीमाईको विशेष पूजा गर्नुका साथै टीका, फूल तथा प्रसाद ग्रहण गरेका थिए ।



उपराष्ट्रपति यादवलाई मन्दिर परिसरमा पूर्व मन्त्री, पूर्व सांसद् , स्थानीय सुरक्षा अधिकारी, श्री गढीमाई पञ्चवर्षीय मेला संचालन तथा व्यवस्थापन मूल समितिका पदाधिकारीहरु, सम्बन्धित नगरपालिका तथा बाराका अन्य पालिकाका जनप्रतिनिधिहरु तथा उपस्थित श्रद्धालु भक्तजनहरुले स्वागत गरेका थिए ।

उपराष्ट्रपति यादवले श्री गढीमाई पञ्चवर्षीय मेलाको अवलोकन गर्नुका साथै मेलाको व्यवस्थापनबारे मूल समितिका अध्यक्ष उपेन्द्र प्रसाद यादवसहितका पदाधिकारीहरु तथा सुरक्षाकर्मीहरुसंग चासो व्यक्त गर्दै मेलाको सफलताको कामना गरे। उनी सोमबार नै काठमाडौं फिर्ती भएका थिए ।

## जनमत पार्टीले माग्यो सभामुखको राजीनामा

काठमाडौं । डा.सीके राउत नेतृत्वको जनमत पार्टीले प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेको राजीनामा माग गरेको छ ।

जनमतका प्रवक्ता डा.शरदसिंह यादवले सोमबार एक विज्ञप्ति जारी गर्दै सभामुख घिमिरेको राजीनामा माग गरेका हुन् ।

जनमत पार्टीले आफ्नो समानुपातिक सांसद गोमा लाभ सापकोटालाई पार्टीबाट साधारण सदस्यसमेतबाट कारबाही गरिसकेकोले उनको पद खारेज नगरेको प्रति आपत्ति जनाएको हो ।

संघीय संसद सचिवालयले अन्य दल तथा निकायको प्रभावमा तथा सभामुखको आफ्नो नातेदार वा समुदायको मान्छे कारबाहीमा पर्न लाग्यो भन्दैमा सो अधिकार क्षेत्र मिच्दै हदभन्दा बाहिर गएर निर्णय गरेको ठहर जनमत पार्टीको रहेको छ ।

## ५१ प्रतिशत अधिकारका लागि देशैभरी आन्दोलनका लागि तयार रहन आह्वान

काठमाडौं । आम जनता पार्टी ( आजपा) निकटको आम महिला मोर्चा केन्द्रीय कमिटीका अध्यक्ष कुमारी बबिताले सरकारले महिलासंग विभेद गरेको आरोप लगाएकी छन् ।

आम महिला मोर्चा काठमाडौं उपत्यका विशेष कमिटीको काठमाडौं, कोटेश्वरमा बसेको बैठकलाई सम्बोधन गर्दै अध्यक्ष बबिताले यस्तो आरोप लगाएकी हुन् । राज्यको हरेक क्षेत्र एवं अंगमा महिलालाई ५१ प्रतिशत सहभागिता हुनुपर्ने माग समेत उनले गरेकी छन् ।

'संविधानमा महिलालाई ३३ प्रतिशत अधिकार हुने भनिएको छ । तर त्यो व्यवहारमा लागु छैन् । सरकारले महिलाहरुसंग विभेद गरिरहेको छ' बबिताले भनिन्, 'जनसंख्याका आधारमा महिलालाई राज्यको हरेक क्षेत्र एवं अंगमा ५१ प्रतिशत




सहभागिता गराउनुपर्छ । तर यो पुरुषबादी सरकारले महिलालाई अधिकार दिन चाहेको छैन् । यस्तो अवस्थामा हामीले आन्दोलन गर्नुको बिकल्प पनि छैन् ।'

महिलाको सम्मान, अधिकारका लागि आम महिला मोर्चाले देशैभरी आन्दोलनको नेतृत्व गर्न आवश्यक रहेको उनले बताईन् । बैठकमा सहभागि महिलालाई आफ्नो अधिकार सुरक्षित गर्न आन्दोलनका लागि तयार रहन आह्वन समेत गरेकी छन् ।

राजनीतिक, आर्थिक, सामाजिकदेखी हरेक क्षेत्रमा महिलालाई कमजोर ठान्नेका बिरुद्धमा आन्दोलन नगरी अधिकार पाउन नसक्ने बताउदै बबितले आन्दोलनबाटै महिलाले हरेक क्षेत्र एवं अंगमा ५१ प्रतिशत अधिकार सुरक्षित हुने बताईन् ।

यस्तै बैठकले आजपाद्धारा जारी आन्दोलनलाई अझै शसक्त बनाउँने बारेमा निर्णय गरेको छ । सरकारको मनोमानी कर आतंक, बैदेशिक रोजगार ठगका बिरुद्धमा हुने आन्दोलन लगायतका कार्यक्रमलाई शसक्त बनाउदै महिला अधिकारका लागि समेत आन्दोलनको बिकल्प नभएको निष्कर्ष बैठकले निकालेको छ ।

आम महिला मोर्चा काठमाडौं उपत्यका विशेष कमिटीका अध्यक्ष ममता साहको अध्यक्षतामा सम्पन्न बैठकमा आजपाका महासचिव त्रिभुवन साह, सचिव एवं महिला मोर्चाका इन्चार्ज देवी पण्डित रेग्मी, उपत्यका इन्चार्ज रञ्जु साह, सचिव देव कुमारी, कोषाध्यक्ष मिना देवी साह लगायतको विशेष सहभागिता रहेको थियो ।

## सम्पादकीय



# मधेशबाट पुनश्च आन्दोलन नआउँला त ?

नेपालको राजनीतिमा दशकौंदेखि अभ्यासमा रहेको लोकतन्त्र र कम्युनिज्म सिद्धान्तको प्रभावले नेपाली जनताको चेतनालाई मुखरित गरेर जनताको दुश्मनलाई चिन्ने क्षमता प्रदान गरेको छ । राजनीतिक चेतना प्राप्त गर्न धेरै पछि परेको मधेशी र थारू पनि अब राजनीतिक रूपले चेतनशील भईसकेको छ । कसले कसरी झुक्याएर जनतामाथि शासन गर्छ, बुझ्न त्यति कठीन हुँदैन । भेदभावमा परेका र सिमान्तीकृत समुदाय आफ्नो बलिदान दिएर आवाज घन्काए छन् ।

राजनीतिक अचेतनतामा यही शासकवर्गलाई उद्धारकको रूपमा बुझेको मधेशी समुदाय दास गुलामसरह अनेकौं आन्दोलनमा बलि चढे । गरिबी, बेरोजगारी, पछौटेपन तथा विपन्नताको पीडा भोगि रहँदा राज्यको भेदभावले त मधेशी समाजको मूल्यलाई बिर्सेर गुलामको रूपमा जीवन बिताउन बाध्य बनायो । अनेक उथल पुथलमा सक्रिय सहभागिता रहे पनि मधेशी समाजको जीवन शैलीमा कुनै परिवर्तन आउन सकेन । आफ्नै किसिमको त्रासदीपूर्ण जीवन जीउन बाध्य मधेशी समाज परिवर्तनको चाहनालाई यही शासकवर्गको दर्पणमा खोजी रहेको थियो । शासकवर्गप्रति बनेको अडिग आस्थामा आफ्नो मुक्तिको बाटो खोजी रहेको थियो । २४४ वर्ष देखिको निरन्तर खोजमा आशाबाहेक मुक्तिको द्वार कही नभेट्टाइएपछि र राजनीतिक चेतनाको स्तर वृद्धि हुँदै जाँदा खस शासकवर्ग नै मधेशी समाजको लागि परिवर्तन रोक्ने अवरोधकको रूपमा रहेछ भन्ने सत्यलाई स्वीकार गर्नु पर्यो । तबसम्म मधेशीको दर्जनौं पुस्ता उत्पीडन भोगेर गए ।

एउटा फरक संस्कृतिको बाहुल्यता भएको मधेशसँग रैतीसरह शासन गर्ने सामन्तहरू, शासकहरू तथा उदारवादी शासकहरू कसैले भावनात्मक सम्बन्ध बनाउन चाहेन । आफूभन्दा विल्कुल फरक रंग, बोली, भेषभूषा, रहनसहन भएको मधेशी समाज वर्वरशासनमा पनि प्याज्य थियो भने विद्यमान सभ्य, सुसंस्कृत, मानवतावादी मान्ने लोकतान्त्रिक सरकारमा पनि मधेश व्याज्य अवस्थामा नै रहेको छ । अन्तराष्ट्रिय स्तरमा आफू लोकतान्त्रिक देखाउन सतही स्तरमा परिवर्तनका छींटाहरू देखाए पनि मधेशीसँगको भेदभावमा किञ्चित परिवर्तन छैन । बरू लोकतान्त्रिक शासनकालमा भेदभावको मात्रा झन बढेर गएको छ । विगत एमाले सरकारको पालामा मधेशसँग भएको अपमानजनक व्यवहारले त खसशासक र मधेशीलाई आमने सामने आक्रमक रूपमा उभ्याई दिएको छ । अन्तर्विरोधलाई चर्काएर, मधेशीको आवाजलाई दबाएर शान्तिपूर्ण ढंगले शासन लम्ब्याउनुको कुनै अर्थ छैन । प्रत्येक १० वर्षमा आन्दोलनको आँधी बेहरी आउने परम्पराअनुसार मधेशबाट पुनश्च आन्दोलन नआउला त ?

जनताको रगत चुसेर दरबार बलियो भयो, देशलाई गरिब बनाएर राजाले आसेपासेलाई पोसे, जनताको अधिकार जनतालाई सुम्पिनु पर्छ आदि आदि नारा दिएर राजतन्त्रको विरूद्ध आन्दोलन गर्ने कथित लोकतन्त्रवादी शक्तिहरूको शासनकाल जनताको काल नै सावित भयो । भ्रष्टाचारमा चुर्ल्लुम्म डुबेको लोकतान्त्रिक शक्ति शासक पनि रहेन । यिनी डन र तस्करमा रूपान्तरित भएका छन् । एजेण्डाविहीन खस शासकवर्गको पैसा कमाउने मोहबाहेक राजनीतिमा केही देखिएको छैन । विकास र समृद्धिका कुरा यिनको घोषणा पत्रमा सिमित रहेको छ । के बोलेर पैसा कहाँबाट तान्न सकिन्छ र पैसाको भरमा चुनाव जितेर सरकार चलाउने तिकडमबाहेक यिनको दिमागमा जनअपेक्षाको कुनै महत्व छैन । राजालाई फालेर आफ्नो प्रभुत्व कायम राखेका यी उदारवादी सामन्तहरू राज्यसत्तामा आफ्नो वर्चश्व कायम गरि शाश्वत शासनमा रमाएका छन् ।

निरंकुश सामन्त (राणा) महासामन्त (राजा) र उदारवादी सामन्त (नेपाल काँग्रेस, एमाले, माओवादी लगायत) तीन श्रेणीमा विभक्त खस शासकवर्गमा सत्ताका लागि गएका लडाईमा एक अर्कालाई परास्त गरि सत्ता हात पारेको हो । यस प्रक्रियामा निरंकुश शासनतन्त्र लोकतन्त्रमा रूपान्तरित भएको तथ्य जनताको लागि शोकेसको मिठाई (हेर्न सक्ने तर प्राप्त गर्न नसक्ने) जस्तै रहेको छ । शासन व्यवस्था उदारवादी लोकतन्त्रमा आएपनि राज्यसत्ता खस शासकवर्ग कै कब्जामा रह्यो । राज्यसत्ता खस शासकवर्गको कब्जाबाट मुक्त गराउन मधेशको प्रयास अन्ततः असफल पारेर तीन शीर्ष दल राज्यसत्तामाथि एकाधिकार कायम नै राख्यो । विरासतमा पाएको राज्यसत्तालाई खस शासकवर्गले अंशवण्डामा लैजान चाहँदैन ।

गतांकको बाँकी...

# राष्ट्रिय मुक्ति क्रान्ति नेपालको पुरक दस्तावेज

## (कार्यदिशा एवं एकीकृत कार्ययोजनाको संस्लेषण)

३) सामुदायिक समाजवाद

नेपालको संविधानमै समाजवाद उन्मुख भनिएको छ। तर कस्तो समाजवाद, किन समाजवादको बहस अझै अधुरो अपुरो छ। हुन् त अहिले सम्म समाजवादको विश्व व्यापी जसरी परिभाषाहरू भएका छन्। त्यसले समस्याको समाधान गर्दैन। यस परिस्थितिमा हामीले पनि समाजवाद शव्दका अगाडी वा पछाडी कुनै पुच्छर जोड्दा परम्परागत परिभाषा अनुरुपको बुझाइ हुन सक्छन। खासमा नेपालमा समाजवाद पुरै बैंस अर्काको खेत र खलियानमा सक्नेका लागि आउँछ कि आउँदैन ? दलित, गरिबको जीवनमा परिवर्तन आउँछ कि आउँदैन ? भूमिहीनहरुका लागि समाजवाद आउँछ कि आउँदैन ? अझै पनि २३ प्रतिशत मानिस निरपेक्ष गरिबीको रेखामुनि छन्। त्यस्तै, ५६ प्रतिशत मानिस गरिबीको रेखामुनि छन्। उनीहरुको जीवनस्तरमा परिवर्तन आउँछ कि आउँदैन ? अनि नेपालीहरु देश बिदेशमा यति धेरै परिश्रम गर्दा पनि उनीहहरुको जीवन स्तर किन उठिरहेको छैन ? समस्या कहाँ छ ? प्रश्नहरु यावत छन्। तर उपायहरु समाजवादको अन्य व्याख्याले दिदैन।

सबै प्रकारको निजी धनलाई पवित्र र पराक्रम मान्ने उदारवाद र सबै प्रकारको निजीधनलाई निन्दनीय ठान्ने साम्यवादी दर्शन आफैंमा अतिवादका परिचायक हुन्। शासक वर्गले गर्ने राज्य कोषको हिनामिना, भ्रष्टाचार, उपनिवेशहरुमा गरिएको लुट, श्रमिकहरुलाई अत्यन्त कम ज्याला दिएर कमाइएको मुनाफा, कर छलीबाट सञ्चित गरिएको धन, बक्सिस, बिर्ता, किसानहरुबाट लुटिएको अन्न, डकैतीको सम्पति, चर्को घुसखोरी आदि प्रकारका निजी धनहरु पवित्र छैनन्। तर एउटै रोजगारदाता संस्थामा समान ज्यालामा समान कार्य घण्टा काम गर्ने मानिसको पनि अतिरिक्त समय, परिवार संरचना, खर्च र बचतको प्रवृत्तिजस्ता कारणले निजी धनको मात्रा फरक हुँदै जान्छ। श्रमको चरित्र शारीरिक वा मानसिक हुन सक्छ तर श्रम विना अरु कुनै पनि उत्पादनसाधन परिचालित हुँदैन। यस्ता कारणबाट निजी धनमा जुन भिन्नता आउँछ, त्यसलाई अपवित्र मान्न सकिन्न। श्रमसिद्ध धन जहिल्यै पवित्र हुन्छ। श्रमसिद्ध धनमाथि निजी स्वामित्व हुनै पर्छ। श्रमसिद्ध निजी धनको पवित्रतामा विश्वास गरेर मात्र अबको समाजवाद अगाडि बढ्न सक्छ। यद्दपी यस प्रकारको निजि धन हुनुमा मुख्यतः समुदायको र अनुकुलीत राज्यको भूमिका हुन्छ नै।

कुनै धनी मानिसबाट धन खोसेर गरिबहरुलाई बाँड्नु समाजवाद हैन। यदि त्यो धन खोस्दा धनी मानिस गरिब र गरिब मान्छे धनी हुन्छ भने त्यस्तो काम व्यक्तिगत प्रतिशोध बन्न पुग्दछ। इस्लाम धर्मको पवित्र ग्रन्थ कुरआनमा पाँच आधारभूत कर्तव्यहरु मध्ये एउटा मुख्य कर्तव्य जकात पनि हो। ज़कात अर्थात् अनिवार्य दान। यस्तो दान गरिब वा आफ्नै कर्जदार 'जो कर्ज़ फिर्ता गर्न असमर्थ छ वा फिर्ता गर्दा उसको कारोबार नष्ट हुन्छ' लाइ पनि जकात दिन सकिन्छ। जकात लिनको लागि भिक्षुक बन्नु जरुरी पनि छैन। इस्लामले ब्याजलाई पनि वर्जित ( हराम) ठहराएको छ। यस्तो ब्यबस्थाले वास्तवमा आत्मिक रुपमा समुदायलाई समाजवादको यात्रामा डोर्याउछ। आत्मिक रुपमा समाजवादको यात्राले खुसि आनन्द ल्याउछ। समाजवादलाई उत्पादनका साधनमाथि सामाजिक स्वामित्व र प्रतिफलको सामाजिकीकरणका अर्थमा लिदा यस्तो समाजवाद सामुदायिक हुन् जान्छ। जल, जंगल, जमीन, तथा जनशक्ति र जडिबुटी बस्तुकरण गरेर बजारमा उपभोक्तालाई आकर्षित गर्दै लैजाने उदारवादी अर्थतन्त्रको चरित्र मूलवासी-आदिवासी अर्थतन्त्रसित मेल खादैन। जल, जंगल तथा जमीन उनीहरुको आफ्नो सभ्यता र संस्कृतिसित अन्योन्याश्रित सम्बन्ध राख्दछ। यस अर्थमा ती प्राकृतिक श्रोत उपर उनीहरुको सामुहिक अधिकार हुन्छ र उनीहरुकै नियन्त्रण एतिहासिक कालदेखि रहिआएको देखिन्छ। आधुनिक राष्ट्र राज्यबाट संसारभरि नै मूलवासी-आदिवासी समुदायको नियन्त्रण हटाएर राज्यको नियन्त्रणमा ल्याउने काम गरिआए। साँस्कृतिक सम्बन्धको निरन्तरता यसबाट टुट्न पुगे र मूलवासी-आदिवासी ज्ञानको विकासमा ठूलो अवरोध देखा पर्यो। यसबाट वातावरणीय असन्तुलन समेत देखा पर्यो। उदारवाद भनेको स्रोतसाधनमा एकल स्वामित्व हो भने साम्यवाद भनेको राज्यको एकल स्वामित्व हो, यस्तो एकल स्वामित्वको अन्त्यगरी सामुदायिक स्वामित्व कायमहुने व्यवस्था सामुदायिक समाजवाद हो। व्यक्ति वा राज्य धनि भएर या त नागरिकहरु बीच भयंकर असमानता हुन्छ या त नागरिक सर्वहारा हुन्छन, त्यसैले समुदाय नै समृद्धिको बाटो भनेको सामुदायिक समाजवाद हो। हामी समाजलाई न त सर्वहारा न त बुर्जुवा बरु आम रुपमा मध्यम बर्गीय बनाउन चाहन्छौँ। सामाजिक स्वामित्व सार्वजनिक, साझेदारी, सामुदायिक, सहकारी, अंशियार आदि स्वरुपमा रहने गर्छ। यस्तो अवस्थामा राज्यको समुदायप्रति र समुदायको नागरिकप्रति र नागरिकको राज्यप्रतिको उत्तरदायित्व हुन्छ।

आदिवाशीहरुको सामुदायिक जिवन र आजका कम्युनिष्ट वा उदारवादीहरुको समता वा सामुहिकताको अवधारणा एकदमै फरक हो। आदिवाशीहरुको सामुदायिक जिवनमा निजत्वको सम्मान हुन्छ र असिमिति आर्थिक बृद्धिको लोभी चिन्तन हुँदैन। कम्युनिष्टहरु भित्र निजत्वको सम्मान हुँदैन । उदारवादी र कम्युनिष्ट दुवै असिमति आर्थिक बृद्धिको लोभमा हुन्छन्। सामुदायिक समाजवादले 'कर्पोरेट कृषि'को विकल्पमा 'जैविक कृषि' प्रणाली स्थापित गर्न जरूरी रहेको वकालत गर्दछ। नवीकरणीय ऊर्जा उपयोगलाई ख्याल गरेर सार्वजनिक संरचना निर्माण गर्न जरूरी हुन्छ। अबको अर्थतन्त्र पर्यावरणलाई नबिगारिकन बरु पर्यावरणमैत्री योजनाहरु अगाडि सार्न सक्नु पर्छ। प्रकृतिसँग संघर्ष होइन, सहकार्यको नीति अपनाउनु पर्दछ। प्राकृतिक स्रोत-साधनहरूको अधिकतम उपयोग हुनुपर्छ, तर प्रकृतिको रक्षा पनि हुनुपर्छ। राज्यले 'गुणात्मक आर्थिक वृद्धि' र 'अपरिग्रह' को मूल्य आत्मसात् गर्नुपर्दछ। नागरिकहरूको स्वास्थ्य र सन्तुष्टि नै विकास र समृद्धिको मानक हुनुपर्दछ। समाजवाद भनेको पूर्वीय सभ्यताबाट उत्पादित दर्शनमा आधारित रहेर समतावाद, जैविकतावाद र मानवतावाद दर्शनमा आधारित समर्थन गर्ने विचार हो। यसलाई सम्यक जीवनको रुपमा बुझ्न जरुरी छ। यो कस्मो भिजनको धार पनि हो। अर्थात् यसको आधारमा पुरा सहअस्तित्वपूर्ण जीवनका आधारहरु चाहे त्यो भौतिक, सामाजिक-साँस्कृति, आध्यात्मिक नै किन नहोस् बुझाउँदछ। त्यसकारण यो आधुनिकता, पूँजीवाद, साम्यवाद र विकासको विकल्प समेत हो। यो अवधारणाले सोहाद्रतामा, पूर्णतामा र प्रकृति तथा समाजसँग आध्यात्मिकतामा जिउने अर्थ पनि बुझाउदछ।

३.२ हाम्रो सिद्धान्तको तीन स्रोत,

सिद्धान्त का तीन आयामहरु दर्शन, इतिहास र राजनीतिक अर्थशास्त्र हुन्छ। त्यसैले सिद्धान्त लाई जगत् र जीवनलाई डोर्याउने वैज्ञानिक बाटो भनिएको हो। जति पनि सांसारिक क्रियाकलाप र पूर्ण वा अपूर्ण ज्ञानहरू अस्तित्वमा छन्, ती सबैको उद्गमस्थल र समस्या समाधानको बाटो नै दर्शन हो। व्यक्तिले यस संसारमा जे जति क्रियाकलाप गर्छ र आफ्नो ज्ञानको सदुपयोग गरी स्थापित हुन खोज्छ, त्यो कुनै न कुनै दर्शनमा आधारित भएरै गरेको हुन्छ। हामीले निर्धारण गरेको तीन सिद्धान्त स्वदेशवाद, बहुलराष्ट्रवाद, सामुदायिक समाजवादको पनि दार्शनिक श्रोत, इतिहासको व्याख्या र अर्थ प्रणाली रहेको छ। उपरोक्त आयामहरू निम्न श्रोतबाट निर्धारण गरिएको हो।

१) प्रकृति-संस्कृति - मानव प्रकृतिको हिस्सा हो। प्रकृति र मानव खासगरी मुलबासी/आदिवासी बीचको सम्बन्ध एक अर्कोमा पूरक मात्र नभईकन अन्योन्याश्रित रूपले रहेको छ। प्रकृति अनुरुपको संस्कृति आज पनि थोर बहुत मुलबासी-आदिवासीहरुले नै अपनाएका छन्, उनीहरु प्रकृतिको बिना मानिसको कल्पनासम्म पनि गर्न सक्दैन। प्रकृतिबाटै सृष्टिको बोध हुन्छ। प्रकृति अर्थात् त्यसको मूल तत्त्व भन्नु नै दृष्यमान जगत् हो। भन्नुको मतलब प्रकृतिद्वारा नै सम्पूर्ण विश्व ब्रह्माण्डको रचना दृष्टिगोचर हुन्छ। ब्रह्माण्ड केवल प्राकृतिक तत्वहरू मिलेर बनेको छ।

मुलतः भुमी लगायत् प्रकृतिलाई हेर्ने, बुझ्ने र पुज्ने सवालहरुले नै मूलवासी/आदिवासीहरु र आधुनिकतावादी समाजहरु परस्पर फरक देखाउँछन्। प्रकृति, वन-जंगल, पशुपंक्षीसंगको समाजको अन्तरसम्बन्ध एवं सौन्दर्ययुक्त क्रियाकलापहरुलाई लोक संस्कृतिक, सांगीतिक तालमा व्यक्त गर्दै आईरहेका पनि छन। मुलबासी-आदिवासी समाजका सोच्ने, विचारने, कार्य गर्न, खान-पिउँने, बोल्न, नृत्य, गायन, साहित्य, कला, वास्तु आदिमा संस्कृति परिलक्षित हुन्छ। संस्कृति त्यो समग्र वस्तु हो जसमा अनुभव, विश्वास, कला, नैतिकता, नम्रता, कानुन, परम्परा र अरू कुनै पनि क्षमता र व्यवहार जो मानवले समाजको एक सदस्यको हैसियतले प्राप्त गरेका छन्, सबै पर्दछन्। आदिवासी समुदायहरुमा विश्वभर नै समतामुलक (भ्नब।ष्तबचष्बलष्क) र सामुहिकतावाद ( ऋय।।भअतष्खभयद।ष्नबतष्यल) मा विश्वास गर्ने; हामी, हाम्रो भन्ने कुरा ठान्ने र त्यसैलाई मूल्य-मान्यता मान्ने जीवनपद्धति को संस्कृति देखिन्छ। सामुहिक सार्वभौमिकता सर्वोच्च हुन्छ, आदिवासीहरुका लागि। तर, गैरआदिवासी आधुनिकतावादी समाजहरु चाहिँ व्यक्तिकेन्द्रित र व्यक्ति सार्वभौमवादी, व्यक्ति प्रतिस्पर्धात्मक र असमतामूलक हुन्छन्। व्यक्तिलाई सार्वभौम मानेर उसको बोल्ने, सम्पति आर्जन गर्ने, घुमफिर गर्नेजस्ता व्यक्तिपरक अधिकारको रक्षालाई मानव अधिकारको रक्षा बुझ्ने चलन छ, आधुनिकतामुखी समाजमा। जैविक अधिकार पक्षधर हुन्छन आदिवासी। पुर्खाहरुको भोगाई अनुभव ज्ञानको संगालो, दर्शन, दार्शनिक दृष्टिकोणलाई एक पुस्तादेखि अर्को पुस्ता हस्तान्तरण गर्दै जोगाएर ल्याएको श्रुती परम्परा पनि प्रकृति-संस्कृति हो। किरात धर्म ग्रन्थ मुन्धुमले कस्तो समाज हुनुपर्छ भन्ने बारे सङ्केत गरेको छ। आकाश, धर्ती, जीव, जनावर, वनस्पतिको उत्पत्ति भएपछि मात्र मानिसको उत्पत्ति भएको मुन्धुममा उल्लेख छ। त्यसैले मानिस यो धर्तीको पछिल्लो सृष्टि हो। अन्य जनावरभन्दा विवेकी भएकाले जीवजन्तु र वनस्पतिको रेखदेख, संरक्षण तथा संवर्द्धन गर्ने दायित्व मानवको हो भन्ने आसय मुन्धुममा पाइन्छ। त्यसैले मुन्धुम मान्नेहरुको संस्कृति प्रकृति मैत्री हुन् गएको हो। तसर्थ प्रकृति-संस्कृति हाम्रो सिध्यान्तको मुख्य श्रोत हो।

स्वदेशी/आदिवासीहरुको (१) ज्ञान प्रणाली (२) न्याय प्रणाली (३) अर्थ प्रणाली पनि प्रकृतिमा आधारित संस्कृति नै हो। प्रकृति-संस्कृतिलाई पनि तीन भागमा विभाजन गर्न सकिन्छ। (१) प्राकृतिक प्रकृति (२) मानव प्रकृति र अर्को (३) जेनेटिक मेमोरी

श्रीमद्भगवद्गीता मा भनिएको छ-

भुमिरापोनलो वायुः खं मनो बुद्धि रेव च। अहङ्कार इतीयं मे भिन्ना प्रकृतिरष्टधा॥गीता ठ/द्ध ॥

अर्थात्, पृथ्वी, जल, तेज, वायु, आकाश रूपी पञ्चमहाभूत र मन, बुद्धि तथा अहंकार- यी आठ प्रकारका भेदहरू मेरो 'अपरा' प्रकृति हुन् भनी भगवान् श्रीकृष्णले भन्नुभएको छ। प्राकृतिक प्रकृतिमा पाँच तत्त्व छन्- पृथ्वी, जल, अग्नि, वायु र आकाश। मानव प्रकृतिमा चाहिँ- मन, बुद्धि र अहंकार अन्तर्भूत छन्।

वेदहरूमा बताइएको छ, मनुष्यको शरीर पञ्चभूत अर्थात् अग्नि, वायु, जल, पृथ्वी र आकाश मिलेर बनेको छ। आधुनिक विज्ञानले पनि यी पञ्च तत्त्वलाई स्वीकारेको पाइन्छ। मानवको मन, बुद्धि र अहंकार यसले प्रकृतिलाई संतुलित या संरक्षित गर्न सघाउ पु-याउँछ। प्रकृति र मानिसबीचको यही गहिरो सम्बन्ध अपरम्पार छ। प्रकृतिमा हर साना जीव-जन्तु, कीरा, भुसुनाहरूको समेत आ-आफ्नै महत्त्व छ। त्यसमा पनि जल, जङ्गल र जमिनको त के वयान गर्ने ? ती बिना मानिसमात्र होइन प्राणी अस्तित्व नै हुँदैन भने हुन्छ। वृक्ष, नदी, सूर्य, चन्द्रजस्ता प्रकृतिका विशिष्टताहरूको पूजन गर्ने संसारका सबैजसो आदिवासी संस्कृति र सभ्यतामा कुनै न कुनै रूपले विद्यमान छन्। त्यसैगरी प्रत्येक मानिस पुर्खाद्वारा प्रदत जेनेटिक गुणद्वारा अभिभुषित हुन्छ। त्यो मेमोरी सपनाद्वारा मानिस वा अन्य जीव हेरिरहेका हुन्छन, पुर्खाको इतिहासमार्फत अवगत भैरहेका हुन्छन। चरालाई समेत गुड बनाउन सिकाउनु पर्दैन जेनेटिक हुन्छ। थुप्रै ज्ञान सिप र कला सिकाइ रहनु पर्दैन, त्यो जेनेटिक मेमोरिमै थुप्रेर बसेको हुन्छ।

प्रकृतिमा स्वाभाविक रुपमा "संवादात्मक" प्रकृयाद्वारा वस्तुहरु निर्माण भएका छन् र रहेका हरेक वस्तुहरु बीच पनि संवादात्मक प्रकृयाद्वारा नै थप नयाँ बस्तुहरु बन्ने गरेको छ। तथा समाजको इतिहास पनि संस्कृतिहरु बीच संवाद(दुश्मनीपूर्ण वा मित्रतापूर्ण) प्रकृया द्वारा नै अगाडी बढेको छ। बर्षौदेखि आफ्नो अस्तित्व कायम राख्दै र अर्को संस्कृतिमाथि हमला गरेर होस् कि सम्झौता गरेर होस् अर्को संस्कृतिको पनि अस्तित्व स्वीकार्दै वा आफैं अस्तित्व बचाएर अगाडी बढदै गरेको इतिहास हो। यसरी इतिहास हेर्दा "सापेक्षित साँस्कृतिक" रहेको पाउँछौं। त्यसैगरी राजनीतिक अर्थशास्त्र पनि प्रत्येक साँस्कृतिक समाजको आ आफ्नै रहेको पाउँछौं अर्थात हाम्रो सिद्धान्तको तीन आयामहरुः (१) दर्शन, (२) इतिहास र (३) राजनीतिक-अर्थशास्त्रको मुख्य कसौटी पनि प्रकृति संस्कृति नै हो।

अहिले आधुनिकताको नाममा प्रकृतिमाथि कसरी विजय हासिल गर्न सकिन्छ ? यसको बढीभन्दा बढी दोहन के-कसरी गर्न सकिन्छ ? आज अनेकौं जङ्गली जीवहरू विनष्ट भइसके, अरू अनेकौं हुनेवाला छन्। उनीहरूको प्राकृतिक बासस्थललाई अनेक ढङ्गले अतिक्रमण गरिरहेको छ। बाढी, पहिरो, सुनामीजस्ता संकट मानिसले झेलिरहनु परेको अवस्थालाई हृदयङ्गम गर्दा समयमै आन्तरिकको साथै बाह्य पर्यावरणलाई प्रकृतिमैत्री एवं अनुशासित तुल्याइएन भने झनझन आगामी दिनहरू संकटापन्न हुनेमा शङ्का छैन। प्रकृतिमाथि आधुनिकताले दिएको 'यातना'को कारण सिँगो पर्यावरण चक्र बिग्रियो। जलवायु परिवर्तन यसैको परिणाम हो। जसका कारण आज सारा वनस्पति, जीव जन्तु र मानव जातिको जीवनचक्र खल्बलिएको छ। खानपानमा जिन तोडमरोड गरिएका तथा हाइब्रीड वनस्पति र जनावरहरुको प्रयोग, शहरी प्रदुषित वातावरण र भौतिक सुखमा लिप्त विक्षिप्त मनोदशा अनि निष्क्रिय जीवनशैली जस्ता कारणले मानव जातिको रोग प्रतिरोधी क्षमता आज संभवतः इतिहास कै कमजोर अवस्थामा आई पुगेको छ।

यहिँ खल्बलिएको पर्यावरण तथा जीवन चक्रभित्र आज हामी आर्थिक संकट, भुराजनीतिक संकट, सामाजिक संकट, पर्यावरणीय संकट र प्राविधिक संकटको जोखिममा फसेका छौं। जो अन्तरसम्बन्धित छन्। आधुनिकताको गलत चिन्तन र कृयाकलापका कारण पैदा भएका छन्। यसरी विगत तीन सय वर्षको यान्त्रिक तथा भौतिकवादी विज्ञान तथा दर्शनको अभ्यासले अन्त्यतः विध्वंशक परिणाम दिएको छ। यो वर्तमान परिस्थितिको एउटा महत्वपूर्ण यथार्थ हो। यसको निवारण अब प्रकृतिमा आधारित संस्कृतिमा बाचिरहेका आदिवासी-मुलवासीले दिनेछ। त्यसैले हाम्रो सिद्धान्तको मुख्य स्रोत प्रकृति-संस्कृति रहन पुगेको हो।

२) विज्ञानको प्रगति- विगत तीन सय वर्ष यता शास्त्रीय विज्ञानमा आधारित सामाजिक मूल्यमान्यता (भौतिकवादी मूल्यमान्यता) को अभ्यास व्यापक मात्रामा भएको थियो। यस क्रममा भौतिक तत्व मात्र साश्वत सत्य हुन्छ भन्दै भौतिक उपलब्धिलाई नै गन्तव्य मानियो। भौतिक सुख मात्र वास्तविक हो भन्दै धन सुख, पद सुख र शरीर सुखमा गौरवबोध गर्ने मूल्यमान्यता बसाइयो। प्रकृतिसँगको संघर्ष र सामाजिक संघर्षलाई प्राथमिकता दिइयो। सुखको मूल आधार भौतिक सुविधा र सम्पति नै हो भनियो। प्रकृतिसँग संघर्ष र सामाजिक संघर्षबाट त्यो प्राप्त हुन्छ भनेर प्रशिक्षित गरियो। सारा विज्ञान र मानव प्रयत्न प्रकृतिसँग संघर्ष गर्ने र भौतिक सुविधा बढाउने होडमा दौडियो।

यस क्रममा केही व्यक्ति वा राज्यहरु भौतिक सुविधा बृद्धि गर्न त सफल भए। तर त्यसले प्रकृतिको विनाश, सामाजिक द्वन्द्व, व्यक्तिगत जीवनको तनाव, जलवायु संकटदेखि स्वास्थ्य संकटसम्म पैदा गर्यो। फलस्वरुप आज मानव सभ्यता 'विकास हुन पनि बेर नलाग्ने, विनाश हुन पनि बेर नलाग्ने' चुनौतिपूर्ण अवस्थामा आइपुगेको छ। आज विज्ञान प्रविधिको विकासले मानव जाति आफ्ना सांसारिक दुःखबाट छुटकारा पाउन सक्ने भएका छन् तर विज्ञान र प्रविधिहरु दुःख घटाउने र सुख बढाउने होइन यसको ठिक उल्टो ठाउँमा प्रयोग भइरहेका छन्। जुन-जुन राष्ट्र वा व्यक्तिहरु आज विज्ञान प्रविधिको बढी भन्दा बढी उपयोग गरेर भौतिक सुविधा सम्पन्न भएका छन्, वास्तविक जीवनमा तिनीहरु नै सबैभन्दा बढी असन्तुष्ट, दुःखी, रोगी र विक्षिप्त देखिएका छन्। तिनीहरुले नै विश्वमा बढी तनाव पैदा गरिरहेका छन्। तिनीहरु नै लोभ लालचमा युद्ध गर्नसम्म आतुर छन्। लुट खसोटको पागलपनमा बाँचिरहेका छन्। प्रकृति र पर्यावरण ध्वस्त गर्न उद्यत छन्। तिनै मुलुकहरुमा युद्ध, अपराध, बेरोजगार, सामाजिक अतिवाद मौलाईरहेको छ। तिनै देशमा नयाँ नयाँ शारीरिक तथा मानसिक रोग र आत्महत्याको संख्या बढी रहेको छ। अर्थात भौतिक सुखबाट जीवन सुखी हुन्छ, भौतिक सुख नै उन्नति र समृद्धिको आधार हो भन्ने कुरा कहीँ कतै मिलिरहेको छैन। यसले भौतिकवादी सामाजिक मूल्यमान्यतामाथि गम्भीर प्रश्न चिन्ह उठाएको छ।

क्रमशः...

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# राष्ट्रिय एकताको सूत्रधारदेखि अर्थतन्त्रमासमेत योगदान दिने खेल हुन्

**० तपाईं खेलकुद मन्त्री भएका बेला खेलकुद पूर्वाधारका लागि के-कस्ता योजना बनाउनुभएको थियो ?**

– हामीले दुईवटा नीति लिएका थियौं । एउटा, भइरहेका पूर्वाधारको संरक्षण र सम्वर्धन । अगाडिदेखि नै खेलकुद पूर्वाधार प्राथमिकतामा नपरेकाले कनिका छरेको जस्तो बजेट छरिने गरिएको छ । कुनै ठाउँमा कवर्ड हल बनाए तत्काल सम्पन्न नहुने, अर्को वर्ष निर्माणले निरन्तरता नपाउने गरेको थियो । पोखराको संरचना नवौं राष्ट्रिय खेलकुद हुँदा बनेको हो । हामीले राष्ट्रिय खेलकुद आयोजनाका क्रममा प्रदेशमा महत्वपूर्ण पूर्वाधार बनाउने नीति लिएका थियौं । योपालि कर्णालीको सुर्खेतमा ठूलो लगानी गरिएको । त्यसपछि हामीले ११ औं खेलकुदका लागि मधेश प्रदेशमा पनि तयारी सुरु गरेका थियौं ।

खेलकुद पूर्वाधार संरक्षणका लागि राज्यको ध्यान पुगेको छैन । दशकौं पुरानो रङ्गशालामै भर पर्नुपरेको छ । त्रिवि ग्राउन्ड पनि खेल मैदान मात्रै भयो, पूर्वाधार केही भएन । अहिले एनपीएलले गर्दा हतार-हतार केही काम भएको छ। यसो हेर्दा त्रिभुवन विश्वविद्यालयसँग गर्नुपर्ने सम्झौता नवीकरणमा मात्रै सरकारको चासो छ, पूर्वाधारमा ध्यान छैन । खेलकुद पूर्वाधार बनाउँदाका सुन्दर पक्ष, जसले अर्थतन्त्रलाई पनि विकास गर्छ, तर ध्यान त्यहाँ गएन ।

यो एनपीएलले एक अर्ब भन्दाबढीको आय आर्जनको विकास गर्दैछ भनिन्छ । हामीले पर्सास्थित नारायणी रंगशाला सुधार योजना ल्याएका थियौं । सिमराको स्टेडियम अलिकति सञ्चालनमा छ, तर पूर्वाधार पुगेको छैन । थोरै बजेट गएर निर्माण सम्पन्न हुँदासम्म बनाएको भत्किसक्ने अवस्था छ । हामीले १-२ वटामा मात्रै फोकस गरेर योजना बनाएका थियौं ।

मूलपानीमा मात्रै ५० करोडको बजेट राखेका थियौं । पहिला १४ करोड थियो तर खर्च ७ करोड मात्रै भएको थियो ।

रंगशाला निर्माण गर्ने जनशक्तिको पनि अभाव छ । खेलकुद परिषद् र मन्त्रालयको प्राविधिक जनशक्ति पर्याप्त छैन । खेललाई पनि वर्गीकरण गरेर जान सकिए राम्रो हुन्छ । जस्तो कवर्डहल र टीममा खेलिने खेलबारे सोच्नुपर्ने छ । नेपालमा भलिबल, फुटबल र क्रिकेटमा क्रेज छ। हामीले मार्सल आर्ट, (कराँते र तेक्वान्दो) मा पनि राम्रो गरेका छौं ।

अस्ति प्यारा ओलम्पिकमा ऐतिहासिक पदक ल्याउन सफल भयौं । पूर्वाधारको हकमा एउटै कवर्डहलमा धेरै खेल गर्न सकिए युवा पलायन रोकेर राष्ट्रिय-अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गर्न सक्ने क्षमता हामीमा छ ।

मैदानको कुरामा अर्थ अभावमा धेरै बनाउन नसके पनि प्राथमिकतामा राखेर नारायणी रंगशालालाई पुन:निर्माण र मूलपानीलाई प्राथमिकता दिने हो भने केही दशकमा राष्ट्रियस्तरका खेल गर्ने संरचना हामीसँग हुन्छ।

**० भलिबल राष्ट्रिय खेल हो, तर क्रेजचाहिँ बढी फुटबल र क्रिकेटमा देखिन्छ । यी खेलका लागि एउटा गतिलो स्टेडियम पनि छैन । सरकारले बनाउन नचाहेको हो कि नसकेको हो ?**

– मेरो विचारमा महत्व नै नबुझेको हो । राष्ट्रिय एकताको सूत्रधारदेखि अर्थतन्त्रमासमेत योगदान दिने खेल हुन् यी त । भलिबलको क्रेज भन्ने हो भने फुटबल र क्रिकेटमा भन्दा छ । गाउँ गाउँमा अझै धेरै छ । भलिबल नेपालको ७७ जिल्लामा खेलिन्छ । खोलाको चौरदेखि स्कुल स्कुलमा खेल्न सकिन्छ । यो सामाजिक खेलका रूपमा अझै विस्तार भएको छ । क्रिकेट र फुटबलमा क्रेज छ तर पूर्वाधार अभावमा प्रतियोगिता आयोजन गर्न सक्ने अवस्था छैन । यस पटक हामीले एउटा पूर्वाधार बनाउन मात्रै बजेट केन्द्रित गरौं भनेकै हौं ।

मूलपानीको स्टेडियमलाई पहिलो पटक त्यति ठूलो करम विनियोजन गरेका थियौं । अझै पनि म के भन्छु भने सबैभन्दा ठूलो रकम विनियोजन गरे पनि सम्पन्न हुन ४ वर्ष लाग्छ । निरन्तर काम हुँदा पनि अझै कुर्नुपर्छ । यसपालि ५० करोड विनियोजन भएको छ । काम कसरी हुन्छ, अनुमगन गरिरहनुपर्छ । सरकारले मात्रै चाहेर नहुने, जनशक्ति र विषयका जानकार र जनशक्ति पनि हुनुपर्छ ।

**० नेपालमा एनपीएल चलिरहेको छ । प्रदेशस्तरीय टोली बनाइएका छन् तर सबै खेल कीर्तिपुरमा हुँदैछन् । काठमाडौंबाहिर स्टेडियमका लागि प्रयास हुन सकेन है ?**

– हो, एकदमै समस्या छ । मैले मन्त्रालयमा काम गरेको ३ महिना मात्रै हो । अवधि चार महिना भए पनि काम तीन महिना मात्रै गरें । त्योबेला म धेरै त भन्दिनँ, दशकौँदेखिको वेथितिलाई सम्बोधन गर्न खोजेको थिएँ । क्रिकेटमा होम ग्राउण्ड टियु नै गर्नुपर्थ्यो । तर, अलिकति राजनीतिले समस्या छ । खेलभन्दा पनि भित्री राजनीतिले यो क्षेत्रलाई गाँजेको छ । यो चुनौती रहेछ । यहाँले सोधेको कुरामा नारायणी स्टेडियम पछाडि क्रिकेट मैदान छ । त्यसमा जग्गा विवादको कुरा छन् ।

जनकपुरको रामजानकी स्टेडियमलाई पनि हामीले बनाउन सक्नुपर्छ । त्यसका लागि हामीले अलिकति पहल गरेका थियौं । दातृ निकायले पनि दुवै स्टेडियममा रुचि राख्नुभएको थियो । कहीं सवाद गरेको थिएँ, म निस्किएपछि त्यो संवाद नै रोकियो ।

सुदूरपश्चिममा पनि क्रिकेटको सम्भावना छ । स्थानीय धनगढी पालिकाले पनि ग्रासरुट क्रिकेट भनेर स्कुल स्कुलमा चलाउने र क्रिकेट मैदान प्रवर्द्धन गर्न लागेको छ ।

खेल प्रतियोगिता भइरहन्छ, तर प्रदेशमा स्टेडियम नहुँदा समस्या भएको छ । एनपीएलले नयाँ आयाम सुरु गरेको छ । अब बिस्तारै यसको क्रेज देखेर प्रदेश र स्थानीय सरकारले पनि अध्ययन गर्नुपर्छ । सम्भावना छन् । तर नेतृत्वले चाहनुपर्छ । अबको एक दशकमा प्रदेशस्तरका क्रिकेट मैदान बन्छन् भन्नेमा म ढुक्क छु ।

**० एनपीएलकै उद्घाटन खेलमा क्षमताभन्दा धेरै दर्शक पसेर तानावको स्थिति भयो । त्यही स्टेडियमलाई पनि स्तरोन्नति गर्न सकिएन, जो मन्त्री आए पनि काम भएन । के कारण होला ?**

– एउटा व्यवस्थापन पनि हो । सबै चिजलाई एउटै डालोमा राखेर हेर्न मिल्दैन । क्रिकेटमा नेपालमा निकै ठूलो लगाव छ । एनपीलले झन् क्रेज ह्वात्तै बढेको छ । यहाँ मात्र, होइन विदेशमा पनि चाप भएको सुनिन्छ । व्यवस्थापनलाई पनि ध्यान नदिएको देखिन्छ । अर्को कुरा नीतिगत रुपमा त्रिविसँग सम्झौता अन्त्य हुन लाग्दा पनि पूर्वाधार बन्न नसकेको देखिन्छ । मेरो पालामा छोटो समयमै स्कोर बोर्ड विवाद समाधान भएर जडान भएको छ ।

फ्लड लाइटको विषय त हामी मन्त्री हुनु तीन वर्षअघिदेखि हुन नसकेको काम हो । त्यसमा पनि काम गर्न खोज्दा प्रकियाबाट नहुँदा मुद्दा मामिलामा जानु भनिएको थियो । तर पहल गर्दागर्दै राजनीतिक परिवर्तनले काम गर्न पाइएन । यसका स्वामित्वको चुनौती र व्यवस्थापनको समस्याले पनि नभएको हो । तर, यो क्षेत्रमा अन्तर्राष्ट्रियस्तरका प्रतियोगिता भराइरहेकाले सबै निकाय जिम्मेवार र पारदर्शी भएर काम गर्नुपर्छ । यो राजनीतिक विषय बन्नु हुँदैन । खेलकुद मन्त्रालयमा कसैको प्राथमिकता पर्दैन । सबैले छोडेको र विषय विज्ञ नै नभएको मान्छे राखिने गरिन्छ र रास्वपाले यहाँलाई तोकेरै अवसर दिएको थियो । प्राथमिकतामा पनि थियो, केही काम गर्न पनि खोज्नुभयो ।



**विराजभक्त श्रेष्ठ**

**प्रतिनिधिसभा सदस्य, राष्ट्रिय स्वतन्त्र पार्टी**

**० यहाँको विचारमा सरकारले खेलकुद मन्त्रालयलाई छुट्याउने बजेट पर्याप्त छ ?**

– खासका राजनीतिक हस्तक्षेपले बिग्रिएको छ । तीन महिना त राजनीतिक हस्तक्षेपलाई रोक्दा केही नतिजा निस्किएको थियो । यो क्षेत्र राजनीतिभन्दा माथिको भएकाले विचार गर्नुपर्छ । खेलकुद परिषद्ले देशको खेलकुदलाई नियमन र अनुगमन गर्ने उच्चतम् निकाय हो । त्यो ठाउँमा राजनीतिक नियुक्ति र भागबन्डाले अझ बढी समस्या भएको छ । यसको इतिहास हेर्दा संघ पहिला, परिषद् बनेपछि मात्रै मन्त्रालय बनेको देखिन्छ ।

अहिले संघमा पनि विधि प्रक्रिया र उद्देश्यसहित काम गर्ने स्पष्टता हुँदै खेलकुद परिषद्ले यसलाई ग्रहण गर्ने र मन्त्रालयले अभिभावकत्व लिने गर्नुपर्छ । त्यो राष्ट्रसँग जोडिएको विषय हो । यो प्रकिया भए मात्रै काम छिट्टै हुन्छ । खेलको विकास राज्यस्तरबाट भन्दा जनस्तरबाट बढी भएको छ । राज्यले त्यसमा अलिकति समन्वय, अभिभावकत्व र सहजकर्ताको भूमिका खेलिदि स्वस्फूर्त विकास हुने कुरा हो । जस्तो क्यान र क्यानका सचिवले यो कुरामा पहल गर्दा, समन्वयकारी भूमिका हुँदा सहज हुन्छ । अझै तालमेल मिलेको छैन । बजेटको विषय पेचिलो छ । पर्याप्त छैन भनिरहँदा रकम खर्च गर्न नसकेर पनि विकास भएको छैन । हामीलाई आवश्यक नीति योजना र खर्च गर्न सक्ने प्राविधिक मान्छे चाहिन्छ । कतिपय ठाउँमा कवर्डहल छ प्रयोगविहीन छ । देशको पैसा खर्च भयो नि । पूर्वाधारले सबै कुरा समेट्न सकेको छैन । अपाङ्ग मैत्री र महिलामैत्री पूर्वाधारमा जोड दिन सकेको छैन ।

**० खेलाडीका लागि बजेट पर्याप्त छ त ? खेलाडी त विदेश पलायन भएको भएकै छन् नि ?**

– यो कुरा गम्भीर छ । खेलाडीलाई उत्प्रेरणा छैन । खेलाडीमा पनि राजनीति हुने गरेको गुनासो थियो । खाजाको पैसामा, प्लेन टिकटको पैसामा पनि अनियमितता हुने गुनासो आएको थियो । यस्तोले गर्दा यो क्षेत्रमाथि आउन नसकेको हो । कति खेलाडी पलायन भएका छन् । राम्रो जनशक्ति राख्न सकेनौं । स्पोर्ट साइन्समा पीएचडी गरेका मान्छेहरू विदेश छन् । केही मान्छे बाहिर गएर स्पोर्टमा नाम कमाइरहनु भएको छ । यो जसरी पनि चल्छ भनेर चलाइएको छ । लर्को चाहिँ बधाई र पुरस्कारमा हुन्छ । तर सहयोग गर्ने ठाउँमा छैन ।

महिला खेलाडीका लागि त झन् राज्यले उचित लगानी गर्ने सकेको छैन । उनीहरूको तलब भत्तामै वृद्धि गर्ने ध्यान छैन । अनि उनीहरू कति निराश होलान् । यो विषय त पटक-पटक उठ्दै आएको छ नि ! आर्थिक कुरा मात्रै होइन, उनीहरूलाई नीतिगत कुरामा पनि विभेद भएको देखिन्छ । यसलाई उत्थान गर्न नीतिगत रूपमा पनि त सुधार गर्नुपर्छ । महिला खेलाडीलाई पारिश्रमिक पनि समानताको सिद्धान्त हुनुपर्छ । गर्ने ठाउँहरू प्रशस्त छन् नि । मैले गर्ने सकिनँ भने अर्को मान्छेले यो कुरामा प्राथमिकता दिएको खै त ? नेपाल खेलका लागि उर्वर भूमि हो तर राजनीतिकरण र नियुक्तिको भागबन्डाले बिग्रिएको छ । - *खबरहबबाट*

# रौतहटमा कांग्रेस २ र एस १ पदमा विजयी, जनमतको जमानत जफत




राकेश यादव, रौतहट । जिल्लामा मङ्सिर १६ गते भएको उपनिर्वाचनमा नेपाली कांग्रेस र नेकपा एकीकृत समाजवादी पार्टीका उम्मेदवार निर्वाचित भएका छन् । आइतवार राती अबेरसम्म सम्पन भएको मतगणनाको मत परिणाम अनुसार २ वटा वडामा नेपाली कांग्रेस र एउटा वटामा नेकपा एसका उम्मेदवार निर्वाचित भएका हुन् ।

रौतहटको राजपुर नगरपालिका वड़ा नम्बर ६ मा नेकपा माओवादी केन्द्रका उम्मेदवार जिकरूल्लाहलाइ पराजित गर्दै कांग्रेसका उम्मेदवार समसे आलम २८१ मतले विजयी भएका हुन् । आलमको पक्षमा ७४४ मत परेको थियो भने माओवादी केन्द्रका उम्मेदवार जिकरूल्लाहको पक्षमा ४६३ मत तथा नेकपा एमालेका उम्मेदवार मोहम्मद नसीम अख्तरको पक्षमा ४३१ तथा जनमत पार्टीका उम्मेदवार कयामुद्दीन धुनियाको पक्षमा ४५ मत परेको छ ।

२०७९ को निर्वाचनमा कांग्रेसका उम्मेदवार ६३ मतले विजयी भएका थिए । २०८१ को उपनिर्वाचनमा कांग्रेसले सोही वडामा २८१ मतले जित हासिल गर्न सफल भएको छ ।

ईशनाथ नगरपालिका वडा नम्बर ७ मा नेकपा एमालेका उम्मेदवारलाइ पराजित गर्दै नेपाली कांग्रेसका उम्मेदवार अब्दुल खालिकले ५४ मतले निर्वाचित भएको जिल्ला निर्वाचन कार्यालय रौतहटले जनाएको छ ।

२०७९ नेकपा एमाले निर्वाचित भएको ठाउँमा २०८१ को उपनिर्वाचनमा कांग्रेसले बाजी मारेको हो । कांग्रेसका उम्मेदवारको पक्षमा ६२७ मत, नेकपा एमालेका उम्मेदवार शेख अनवरको पक्षमा ५७५, नेकपा एकीकृत समाजवादी पार्टीका उम्मेदवार सदरे आलमको पक्षमा ४५२, जनमत पार्टीका जमीरुल हक़को पक्षमा १३५, नेकपा माओवादी केन्द्रका उम्मेदवार शेख अमीरुललाई २४ मत परेको थियो ।

नेपाली कांग्रेसका मधेश प्रदेश सभापति एवं पूर्वमन्त्री कृष्णा यादवको गाउँ गढीमाई नगरपालिका वडा नम्बर ८ मा भएको निर्वाचनमा नेकपा एमालेका उम्मेदवारलाइ पराजित गर्दै नेकपा एकीकृत समाजवादी पार्टीका बजरंगी प्रसाद यादव भन्ने प्रमोद यादव २४ मतले बिजयी भएका छन् । नेकपा एमालेका उम्मेदवार जिउति देवी यादवको पक्षमा ६३१ मत परेको थियो भने नेकपा एसका उम्मेदवारलाइ ६५५ मत खसेको थियो ।

नेपाली कांग्रेसका सुबोद यादवको पक्षमा ६१७, जनता समाजवादी पार्टीका सन्देश यादवको पक्षमा २५८ तथा जनमत पार्टीका उम्मेदवारको पक्षमा ८ मत परेको थियो ।

निर्वाचित भएको वडा अध्यक्ष निधन भएपछि रिक्त भएको पदमा भएको उपनिर्वाचनमा रौतहट तीन स्थानीय तहको तीन वटा वडामा चुनावी प्रतिस्पर्धा उत्रिएका डाक्टर सीके राउत नेतृत्वको जनमत पार्टीका उम्मेदवारको जमानत जफत भएको छ । ईशनाथमा १३५, राजपुर नगरपालिकामा ४५ र गढीमाई नगरपालिका ८ मा ८ मत पाएको छ ।

नेकपा एमालेले खाता खोल्न सकेन भने उपेन्द्र यादवको नेतृत्वको जनता समाजवादी पार्टी नेपालको पता साफ भएको छ ।

# पत्रकार महासंघ कपिलवस्तुमा सदस्यता विवाद

कपिलवस्तु । नेपाल पत्रकार महासंघको देशैभर निर्वाचनको कार्य तालिका नजिकिदै गए पनि महासंघको कपिलवस्तु शाखामा भने सदस्यता सम्बन्धी विवाद बढेको छ ।

जिल्ला अध्यक्ष किरणमान बज्राचार्यले एकलौटी रुपमा मनोमानी ढंगबाट सदस्यता सम्बन्धी नवीकरण सिफारिस केन्द्र तथा प्रदेश समितिमा पठाएको भन्दै नेपाल पत्रकार महासंघका २ जनै जिल्ला उपाध्यक्ष सहितको बहुमत कार्यसमितिले विरोध जनाएका हुन् ।

पत्रकार महासंघका जिल्ला उपाध्यक्षहरू हरि अधिकारी र स्वेता गिरी, कोषाध्यक्ष मोहन बेलबासे सहित बहुमत कार्य समितिले तत्काल मनोमानी ढंगबाट गरिएको सदस्यता नवीकरण सिफारिस सच्याउन माग गरेका छन् ।

नेपाल प्रेस युनियनका जिल्ला उपसभापति गणेश पोखरेल, प्रेस चौतारी नेपालका जिल्ला उपाध्यक्ष बाबुराम रायमाझी लगायतले एक प्रेस विज्ञप्ति जारी गरी विवाद निरुपण नगरी महासंघको निर्वाचन प्रक्रिया अघि बढ्न नसक्ने बताएका छन् ।

अध्यक्ष बज्राचार्यको स्वेच्छाचारी निर्णय विरुद्ध सामूहिक रूपमा पत्रकार महासंघ कपिलवस्तु शाखा कार्यालयमा तालाबन्दी गर्दै आन्दोलनमा उत्रने आफूहरूले घोषणा गरेको नेपाल पत्रकार महासंघका जिल्ला उपाध्यक्ष हरि अधिकारीले बताए ।

२ जना उपाध्यक्ष सहितको बहुमत कार्य समितिका सदस्यहरूको विरोधका कारण आज निर्माण गर्ने भनिएको जिल्ला निर्वाचन समिति गठन हुन सकेको छैन ।

यस सम्बन्धमा अध्यक्ष बज्राचार्यले भने कुनै प्रतिक्रिया नदिई सदस्यता नवीकरणका लागि रकम जम्मा गर्न सूचना प्रकाशित गरेका छन् । मापदण्डअनुसार सदस्यता नवीकरण नगर्दा बिबाद हुन पुगेको महासघका जिल्ला कोषाध्यक्ष मोहन बेल्बासेले बताए ।

# कक्षा १२ का विद्यार्थीहरूका लागि रूपनगर क्याम्पसद्वारा वित्तीय साक्षरता तालिम



सप्तरी । सप्तरीको रूपनगर क्याम्पसले वरपरका सरकारी विद्यालयका १२ कक्षामा अध्ययनरत् विद्यार्थीहरूलाई लक्षित गर्दै विशेष वित्तीय साक्षरता तालिम सञ्चालन गरेको छ।

त्रिभुवन विश्वविद्यालयको सम्बन्धन प्राप्त यस सामुदायिक क्याम्पसले जीवन उपयोगी शीप सिकाउने उद्देश्यले शनिबार यस्तो तालिम आयोजना गरेको हो। तालिमले विद्यार्थीहरूको व्यावहारिक ज्ञानमा वृद्धि गर्ने र तिनीहरूलाई आर्थिक रूपमा सचेत र सक्षम बनाउने लक्ष्य राखेको जानकारी क्याम्पसले दिएको छ।

तालिम मूल रूपमा विद्यार्थीहरूको वित्तीय साक्षरतामा सुधार ल्याउन केन्द्रित थियो। यसअन्तर्गत सहभागीहरूलाई निम्न विषयहरूमा विस्तृत जानकारी र शीप सिकाइयो:

- वित्तीय साक्षरताको महत्व: दैनिक जीवनमा वित्तीय व्यवस्थापनको भूमिका।
- वचत र लगानीको महत्त्व: भविष्यको सुरक्षाका लागि वचत र सही ढंगले लगानी गर्ने तरिकाहरू।
- ऋण र खर्च व्यवस्थापन: उचित र जिम्मेवार तरिकाले ऋण लिने र खर्चको योजना बनाउने उपायहरू।
- बैंक प्रणाली र प्रविधिको उपयोग: बैंक तथा वित्तीय संस्थाहरूको भूमिका र डिजिटल/अनलाइन बैंकिङको प्रयोग।
- अनलाइन सुरक्षा र वित्तीय ठगीबाट बच्ने उपायहरू।

यो तालिममा रूपनगर नन्दराज संग्रौला क्याम्पस वरपर रहेका छ वटा सरकारी विद्यालयका ६५ भन्दा वढी विद्यार्थी सहभागी भए। सहभागी विद्यालयहरूमा, शंकर मावि, रूपनगर, सर्वोदय मावि, कञ्चनपुर, जनचेतना मावि, घोङ्गिदाहा, ठाकुरजी मावि, जण्डोल, महिकर मावि, पर्सवनी, र नन्द उमा पब्लिक मावि, ओद्राहा थिए। वित्तीय साक्षरता तालिमलाई प्रभावकारी र लक्षित समूहमा पुर्याउने उद्देश्यले १२ कक्षामा व्यवस्थापन विषय लिएर अध्ययन गरिराखेका विद्यार्थीहरूलाई तालिममा सहभागी गराइएको थियो।

क्याम्पस प्रमुख प्राध्यापक दीपक कुमार गजुरेलले यस प्रकारका तालिम सामुदायिक क्याम्पसले समाजलाई गर्ने योगदान अन्तर्गत आयोजना गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, 'समुदायद्वारा सञ्चालित क्याम्पस भएकाले हामी हाम्रो समाजका युवालाई व्यवहारिक शीप सिकाएर रोजगारी योग्य बनाउने प्रयासमा छौं।' यस सम्बन्धमा भावि योजनाबारे उहाँ भन्नुहुन्छ, 'आगामी दिनमा डिजिटल साक्षरता, आधारभूत कम्प्यूटर तालिम, ग्राफिक डिजाइन, फोटो इडिटिङ्ग, लेखा व्यवस्थापन, लोकसेवा तयारी, जस्ता विषयमा पनि तालिम सञ्चालन गर्नेछौं।'

तालिमको प्रमुख प्रशिक्षकको भूमिकामा नबिल बैंक लिमिटेड, कञ्चनपुर शाखाका प्रबन्धक सुरज ठाकुर र उहाँका सहयोगीहरू हुनुहुन्थ्यो। बैंकिङ र वित्तीय क्षेत्रमा लामो अनुभव भएका ठाकुरले विशेष गरी डिजिटल बैंकिङ र अनलाइन सुरक्षा सम्बन्धी विषयमा सहभागीहरूलाई ज्ञान प्रदान गर्नुभयो।

तालिम कार्यक्रमको उद्घाटन प्राध्यापक गजुरेल, प्रमुख प्रशिक्षक ठाकुर र ठाकुरजी माध्यमिक विद्यालयका शिक्षक भुपेन्द्र यादवले संयुक्त रूपमा बत्ति बालेर गर्नुभयो। उद्घाटन समारोहलाई विशेष बनाउँदै सहभागीहरूले शिक्षा र वित्तीय साक्षरताको महत्वमा जोड दिएका थिए। रूपनगर क्याम्पसकी अध्यापिका लक्ष्मी श्रेष्ठले कार्यक्रमको सञ्चालन गर्नुभयो।

विद्यार्थीहरूलाई वित्तीय ज्ञान र व्यवहारिक शीपमा सक्षम बनाउँदै समाजको समग्र आर्थिक सचेतना बढाउने अपेक्षा यो तालिमले राखेको छ। सहभागीहरूले यस्तो तालिमले उनीहरूको दैनिकीमा ठूलो प्रभाव पार्ने प्रतिक्रिया दिएका छन्। आगामी दिनहरूमा क्याम्पसले यस्ता अन्य जीवन उपयोगी तालिमहरू आयोजना गर्दै जाने योजना रहेको जानकारी प्राध्यापक गजुरेलले दिनु भएको छ।

रूपनगर क्याम्पसले यस प्रकारका कार्यक्रमहरू सञ्चालन गरी शिक्षाको क्षेत्रलाई मात्र नभई समग्र समाजमा सकारात्मक प्रभाव पुर्याउने कार्य गरिरहेको छ। यो प्रयासले समाजका युवाहरूलाई आर्थिक रूपमा सक्षम बनाउन योगदान पुर्याउने विश्वास क्याम्पसले लिएको छ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
